
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख २० गते बिहीबार ❑ 2 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## उद्योग-व्यवसाय फस्टाएमात्र श्रमअधिकार स्थापित हुन्छः मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले उद्योग तथा व्यापार व्यवसाय फस्टाएमात्र रोजगारीप्राप्ति र श्रम अधिकार स्थापित हुने बताउनुभएको छ।

अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा संयुक्त ट्रेड युनियन समन्वय केन्द्र गण्डकी प्रदेशले आज पोखरामा आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री अधिकारीले श्रम ऐनका अधिकार स्थापित गर्न सरकार, रोजगारदाता र श्रमिक मिलेर अगाडि बढ्नुपर्ने बताउनुभयो । उहाँले राष्ट्रिय पूँजी निर्माणमा श्रमिकको भूमिका महत्वपूर्ण रहेको भन्दै संविधानप्रदत्त श्रमअधिकार र न्यूनतम ज्याला उपलब्ध गराउने कार्यमा गण्डकी प्रदेश सरकार प्रतिवद्ध हरेको बताउनुभयो। "स्वदेशमै रोजगारी सिर्जना गरी नेपाली युवालाई विदेश पलायनहुनबाट रोक्न प्रदेश




सरकार रोजगारदासँग आवश्यक सहकार्य र सहजीकरणका सँगसँगै अगाडि बढ्न तयार छ। त्यसैगरी पर्याटकीय राजधानीका रूपमा रहेको पोखरामा पर्यटन र कृषि क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्न सरकार सबैसँग हातेमालोगर्नचाहन्छ",मुख्यमन्त्री अधिकारीले भन्नुभयो । समृद्ध प्रदेश स्वरोजगारका कार्यक्रम ल्याएर युवालाई स्वदेशमै श्रम गर्ने वातावरण बनाउनका लागि आफूले हरसम्भव प्रयास गर्ने यहाँको भनाइ थियो ।

कार्यक्रममा नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले आफुनो पार्टी श्रमिकका मुद्दामा सधैँ गम्भीर रहेको भन्दै श्रम क्षेत्रका माग र मुद्दा सम्बोधनका लागि सहकार्य गर्न तयार रहेको बताउनुभयो । त्यस्तै, नेकपा (माओवादी केन्द्र) की नेतृ गायत्री गुरुङले सबै क्षेत्रमा काम गर्ने मजदुरलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न सरकार तयार हुनुपर्ने बताउनुभयो । उहाँले समान काममा लैङ्गिक आधारमा फरक ज्याला दिएर विभेद हुने गरेकाले यो अवस्था अन्त्यका लागि सबै राजनीतिक दल तथा सरकारले सकारात्मक भूमिका खेल्नुपर्ने आवश्यकता औंल्याउनुभयो । मजदुर नेता मुरारी शर्माले मजदुरहरू हरेक दिन असुरक्षित हुँदैगएका भन्दै श्रम आयोग गठन गरी श्रम क्षेत्रका समस्या समाधानमा जोड दिनुपर्ने धारणा राख्नुभयो । यसअघि पोखराको बसपार्कर्वबाट श्रमिकहरूसहित र्‍याली निकालिएको थियो । र्‍यालीमा श्रमिकका अधिकार स्थापित गर, सामाजिक सुरक्षा कोषको ग्यारेन्टी गर, मङ्हगी नियन्त्रण गर, श्रमिक आयोग गठन गरजस्ता नारालगाइएका थिए।

## पोखरामा किसानका लागि एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) पाठशाला

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

कास्कीको पोखरा महानगरपालिकामा एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) किसान पाठशाला सञ्चालन गरिएको छ।

पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनोहर कडरियाले वडा नं ११ स्थित काहुँ सिस्नेरीमा किसानलाई प्राङ्गारिक विधिबाट खेतीगर्न ज्ञानसीप उपलब्ध गराउने उद्देश्यले पाठशाला सञ्चालन गरिएको जानकारी दिनुभयो।

व्यावसायिक कृषिप्रति आकर्षण बढ्दै गएकाले स्थानीय



किसानलाई रासायनिक मल र विषादीको प्रयोगबिना खेती गर्न र प्राङ्गारिक विधिबाट खेती गर्न अभिप्ररित गर्न पाठशालामा ज्ञानसीप सिकाइने छ। हाल ३५ जना किसानको सहभागितामा काँक्रो बाली लक्षित १६ हप्ते पाठशाला सञ्चालन गरिएको कडरियाले बताउनुभयो।

पाठशालाको सिकाइलाई प्रभावकारी बनाउन गडेउला, खपटे, खुम्रे, पुतली र औँसा गरी पाँच समूह बनाइ प्राविधिकसहित प्रयोगात्मक सिकाइसमेत भइरहेको समूहका सदस्य पार्वतीदेवी आचार्यले बताउनुभयो। पाठशालाका लागि किसानले गत चैत १६ गते भक्तपुरे लोकल जातको काँक्रोका बेर्ना रोपेका र अहिले सोही बालीका बारेमा सिक्ने तथा सिकाउने काम भइरहेको अर्का सदस्य सुभद्रा आचार्यले जानकारी दिनुभयो । पाठशालाका लागि महानगरपालिकाले रु एक लाख विनियोजन गरेको छ।

## आतिथ्य सेवामा २५ हजार श्रमिकलाई रोजगारी

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

होटल व्यवसायी महासङ्घ गण्डकीमा आठ हजार बढी होटल तथा रेष्टुराँ व्यवसायी आबद्ध छन्।

अर्बौंको लगानी रहेका ती होटलमा झन्डै २५ हजार श्रमिकले रोजगारी पाएको महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष अर्जुन चोखालले बताउनुभयो।

उहाँका अनुसार अधिकांश मझौला तथा साना होटल महासङ्घमा समेटिएका छन्। "पोखराको लेकसाइडबाहेक अन्यत्रका पर्यटकीयस्तरीय होटल पनि महासङ्घमा आबद्ध छन्", उहाँले भन्नुभयो, "सबैभन्दा बढी नवलपुरमा करिब दुई हजार होटल व्यवसायी महासङ्घमा जोडिएका छन् ।" कोभिड-१९ महामारीका बेला गरिएको जिल्लागत अध्ययनले आठ हजार बढी होटल गण्डकी प्रदेशमा सञ्चालनमा रहेको पाइएको अध्यक्ष चोखालले बताउनुभयो। "आतिथ्य सेवामा झन्डै २५ हजार जनशक्ति परिचालित रहेको हाम्रो अनुमान छ", उहाँले भन्नुभयो, "कोभिड-१९ का बेला केही मात्रामा श्रमिकको कटौती भए पनि पर्यटकीय क्षेत्रमा नयाँनयाँ होटल खुलिरहेकाले रोजगारी पनि थपिएको छ ।" पर्यटकीय राजधानी पोखरामा रहेका पृथ्वी होटल व्यवसायी समिति, पोखरा नगर रेष्टुराँ एन्ड बार एसोसिएसनलगायत संस्था पनि महासङ्घमा आबद्ध छन्।

महासङ्घअन्तर्गत पोखराका झन्डै एक हजार चार सय होटल तथा रेष्टुराँ व्यवसायी आबद्ध रहेको अध्यक्ष महासङ्घ गण्डकी प्रदेशका महासचिव देवेन्द्र लम्सालले जानकारी दिनुभयो । सबैभन्दा कम बागलुङमा एक सय ३० होटलले सेवा दिइरहेको उहाँको भनाइ छ। "केही पुराना व्यवसायी विस्थापित भए पनि आतिथ्य सेवामा लगानी आकर्षण बढ्दै गएको छ, यसबाट देशभित्रै रोजगारी सृजनामा योगदान पुगेको छ", महासचिव लम्सालले भन्नुभयो। उ

हाँले होटलको लगानी प्रवर्द्धनसँगै कार्यरत कर्मचारीको सीप विकास र व्यावसायिक सुरक्षाका लागि महासङ्घले योजना बनाएर काम थालेको बताउनुभयो। स्वच्छ र पर्यटकमैत्री सेवा प्रवाहमा प्रदेशभरिका होटल व्यवसायी तथा कर्मचारीलाई सक्षम बनाउन क्षमता अभिवृद्धि तालिम सञ्चालन भइरहेको महासचिव लम्सालले बताउनुभयो । महासङ्घ र नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको संयुक्त आयोजनामा कालीगण्डकी करिडोरअन्तर्गतका जिल्लालाई समेटेर नवलपुर तथा म्याग्दीमा तालिम सम्पन्न भइसकेको जनाइएको छ । मर्स्याङ्दी करिडोरमा पर्ने तनहुँमा यही महिनाको अन्तिम साता तनहुँ र जेठ दोस्रो साताभित्र हिमालपारिको जिल्ला मनाङमा क्षमता अभिवृद्धि तालिम आयोजना गरिने महासङ्घले जनाएको छ।

"होटलमा कार्यरत जनशक्तिको समयसापेक्ष सीप र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले तालिम सञ्चालन भइरहेको हो", अध्यक्ष चोखालले भन्नुभयो, "तालिमले होटलको सेवा थप गुणस्तरीय र मर्यादित हुने अपेक्षा लिइएको छ ।" गण्डकी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सत्यको अन्वेषण र तथ्यको सम्प्रेषण पत्रकारिताको धर्म : प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले नेपाली पत्रकारले दबाब र अभावसँग सम्झौता नगरी आफ्नो कर्मप्रति देखाएको सेवाभाव अनुकरणीय रहेको बताउनुभएको छ।

नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिको चौथो वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनको बुधबार पोखरामा उद्घाटन गर्दै उहाँले लोकतन्त्र, गणतन्त्र स्थापना एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि पत्रकारिताजगत्ले खेलेको भूमिका अविस्मरणीय रहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "नेपाली पत्रकारले दबाब र अभावसँग सम्झौता नगरी आफ्नो कर्मप्रति देखाएको सेवाभाव अनुकरणीय छ, सामाजिक उत्तरदायित्व बहन गर्दै सत्यको अन्वेषण र तथ्यको सम्प्रेषण गर्ने जिम्मेवारीलाई आत्मसात् गरी सत्य, निष्पक्ष, सन्तुलित र मर्यादित रूपमा सूचना प्रवाह गर्नु पत्रकारिताको धर्म र जिम्मेवारी हो ।" विश्वव्यापी आर्थिक सङ्कटको संवेदनशील घडीमा सञ्चारजगत् र पत्रकारिता पेसालाई पारेको असरबारे आफू जानकार रहेको प्रदेश प्रमुख भट्टले बताउनुभयो । उहाँले आर्थिक सङ्कटले सञ्चार संस्थाहरूको दिगोपनामा समस्या



पार्ने खतरा देखा परिसकेको तथा नेपाली पत्रकारको पेसागत असुरक्षा र न्यूनतम पारिश्रमिक कार्यान्वयनमा समस्या रहेको उल्लेख गर्नुभयो। नेपाली सञ्चार क्षेत्रका समस्या समाधानका लागि सरोकार पक्षसँग व्यापक सहकार्य गर्ने वातावरण आवश्यक रहेको उहाँले बताउनुभयो । प्रविधिको विकाससँगै पत्रकारिता क्षेत्रमा अवसर र चुनौती दुवै सृजना भएको उल्लेख गर्दै प्रदेश प्रमुख भट्टले डिजिटल मिडियाको अत्यधिक सदुपयोग गर्दै पत्रकारिताको विश्वसनीयता अभिवृद्धि गर्ने दिशामा पत्रकार स्वयं क्रियाशील हुनेमा विश्वस्त रहेको बताउनुभयो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पत्रकारिता क्षेत्रको विकास र सञ्चारकर्मीको क्षमता अभिवृद्धिका लागि महानगर प्रतिबद्ध रहेको बताउनुभयो । सञ्चार क्षेत्रले आफूलाई एकताबद्ध बनाउँदै नागरिक अधिकार स्थापित गर्नका लागि काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। प्रेस स्वतन्त्रता सेनानी विश्वबन्धु भण्डारीले पत्रकारिता क्षेत्रमा देखिएका चुनौतीलाई समाधान गर्नका लागि सरकारले अग्रसरता लिनुपर्ने बताउनुभयो । साधारणसभाको उद्घाटन सत्रमा महासङ्का केन्द्रीय सदस्यहरू सरिता तिमिल्सिना पँगेनी, छविलाल तिवारी, प्रदीप काफ्ले, महासङ्घ गण्डकी प्रदेश समितिका अध्यक्ष नारायण शर्मा, उपाध्यक्ष दीपक भट्टराई महासचिव गोविन्द सुवेदी, पत्रकार महासङ्घ म्याग्दी शाखाका अध्यक्ष प्रकाश पौडेल, प्रेस चौतारी गण्डकीका अध्यक्ष इन्द्रप्रसाद पौडेल, प्रेस सेन्टरका अध्यक्ष अर्जुन काफ्ले समाजवादी प्रेस सङ्गठनका अध्यक्ष गणेश पौडेललगायतले स्वतन्त्र पत्रकारिता र पत्रकारको हकहित तथा अधिकारका बारेमा चर्चा गर्नुभएको थियो।

सो अवसरमा प्रदेश समितिका संस्थापक अध्यक्ष स्व त्रिभुवन पौडेलका धर्मपत्नी प्रतिभा अधिकारी र पत्रकार महासङ्घ म्याग्दी शाखालाई उत्कृष्ट शाखाबाट सम्मान गरिएको थियो।

## धुम्म मौसमले पर्यटनमा असर

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

पर्यटकीय राजधानी पोखरासहित आसपासका गन्तव्यस्थलको मौसम नखुल्दा पर्यटन क्षेत्र प्रभावित बनेको छ । वायु प्रदूषणले आकाश धुम्मिएको छ । नजिकैका डाँडाकाँडा पनि तुँवालोले ढाकिएका छन् । हवाई उडान नियमित नहुँदा पर्यटक आगमन रोकिएको छ । लम्बिँदो सुक्खा यामका कारण डढेलो अनियन्त्रित रुपमा फैलिएको छ । पर्यटकले घुम्न रुचाउने याम यसै

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बास्तोलाको संयोजकत्वमा वी पी. स्मृति भवन गण्डकी प्रदेश निर्माण समिति गठन

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

नेपाली कांग्रेस गण्डकी प्रदेशले वीपी स्मृति भवन निर्माण समिति बुधबार गठन भएको छ । वीपी स्मृति भवन, गण्डकी प्रदेश पोखरा १९ लमाचौर कास्की निर्माणको लागि नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधव प्रसाद बास्तोला (मधु)को संयोजकत्वमा निर्माण समिति गठन भएको हो ।



जसको उपसंयोजकत्वमा रामकृष्ण मल्ल (पर्वत), सचिवमा सुरेन्द्रमान विजुक्छे (पोखरा) र सहसचिवमा खिमलाल वास्तोला रहेका छन् । त्यसैगरी सदस्यहरु योगेश गौचन थकाली (मुस्ताङ), भेषबहादुर पौडेल (लमजुङ), प्रकाश बराल (कास्की), अशोक श्रेष्ठ (तनहुँ), सरस्वती गुरुङ (कास्की), भागवत प्रकाश मल्ल (स्याङ्जा), पुष्पेन्द्र पाण्डे (वडा अध्यक्ष, पोखरा १९), अमृत प्र.तिमिल्सीना (वडाअध्यक्ष, पोखरा १६), मोति प्रसाद तिमिल्सीना (वडा अध्यक्ष, पोखरा २५), मिलन के.सी. पोखरा १९, विष्णुप्रसाद बास्तोला (प्रकाश), हरिदत्त पौडेल (तनहुँ), देवकुमार श्रेष्ठ (तनहुँ), अर्जुन शेरचन (बागलुङ), अमृत भट्टचन (नवलपुर), सूर्य गुरुङ (नवलपुर), राम जोशी (गोरखा), प्रकाश तिवारी (स्याङ्जा), हरिकुमार श्रेष्ठ (म्याग्दी), केवी भण्डारी (म्याग्दी), विश्वप्रकाश प्रसाई (पर्वत), बामे गुरुङ (मनाङ), कर्म बहादुर गुरुङ (मनाङ्ग), कृष्ण कोइराला (कास्की), गणेश वहादुर भट्टराई (कास्की), किरण के.सी. (कास्की), लिलकाजी गुरुङ्ग (कास्की), भीमबहादुर गुरुङ (पर्वत), शकुन्तला शर्मा (बागलुङ), मिलन थापा (कास्की) र छत्रधर आत्रेय (कास्की) रहेका छन् । भने सल्लाहकारहरुमा सुरेन्द्रराज पाण्डे (संसदीय दलका नेता, नेपाली कांग्रेस गण्डकी प्रदेश), बाबुराम आचार्य (कास्की), मदन बहादुर के.सी. (कास्की), चन्द्रकृष्ण कर्माचार्य (कास्की), ओम बहादुर थापा (नवलपुर), नवराज बजगाई (गोरखा) चयन गरिएको नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले बताए ।

उक्त समितिको प्राविधिक समितिको संयोजकमा ई. सुरेन्द्र पाण्डे र सदस्यहरुमा ई. सुरेन्द्र पौडेल, ई. शिवहरी आचार्य, ई. विजेन्द्र के.सी. र ई. शिरस बाँस्तोला रहेको शर्माले जानकारी गराए ।

सभापति शर्माले पोखरा १९ लामाचौरमा रहेको आफ्नै जमिनमा रहेको वी पी स्मृति भवन, गण्डकी प्रदेश निर्माण कार्य अब छिट्टै नै सुरु गरिने जानकारी गराए । पार्टी कार्यालयलाई करिब ३ रोपनी भन्दा बढी जमिन सहयोगीहरुबाट प्राप्त गरेको उक्त जमिनमा भवन बनाउने भनि निर्णय गरिएको नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शर्माले जानकारी गराए । पोखरा महानगरपालिका वडा नं. १९ मा रहेको नेपाली कांग्रेस वडा कार्यालयको भवन सहित करिब ३ रोपनी जमीनमा वडा कार्यालय पनि त्यही रहने गरी प्रदेश भवन बनाउने सभापति शर्माले जानकारी गराएका थिए । यसको प्राविधिक इस्टिमेट अनुसार करिब ५ करोडको लागत लाग्ने प्रारम्भिक अनुमान गरिएको छ ।

# बुद्ध जयन्तीमा याङ्जाकोटमा मेला हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

कास्कीको मादी गाउँपालिका ३ याङ्जाकोटमा बुद्धजयन्ती मेला हुने भएको छ । याङ्जाकोट मिलन युवा क्लबको आयोजनामा जेठको दोस्रो हप्तामा मेला गर्न लागिएको बुधबार पोखरामा पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको हो ।




२५६८ औं बुद्ध जयन्तीको अवसरमा जेठ ८ देखि १० गतेसम्म मेला आयोजना गर्न लागिएको क्लबका अध्यक्ष योगेन्द्र गुरुङले जानकारी दिए । याङ्जाकोटको पर्यटन प्रवर्द्धन, संस्कृति संरक्षण र युवालाई खेलकुदमार्फत रचनात्मक कार्यमा लगाउने उद्देश्यले मेला गर्न लागिएको उनले बताए ।

मेलामा विभिन्न खेलकुद गतिविधिसहित साँस्कृतिक कार्यक्रम समावेश गरिएको उनले सुनाए । 'हामीले २५६८ औं बुद्ध जयन्तीको अवसरमा बैशाख पूर्णिमा मेला आयोजना गर्न लागेका हौं,' उनले भने, 'यस मेलाले मादी गाउँपालिका र याङ् जाकोटको पर्यटन क्षेत्रमा सहयोग पुग्ने आशा राखेका छौं ।' उनका अनुसार मेलामा साँस्कृतिक कार्यक्रम, ठेलो, भलिबल, कुर्चि खेललगायत प्रतियोगिता हुनेछ । भलिबल प्रतियोगितामा प्रथम हुने समूहले १ लाख १ हजार १ सय ११ र दोस्रो हुनेले ५५ हजार ५ सय ५५ रुपैया प्राप्त गर्ने अध्यक्ष गुरुङले जानकारी दिए । ठेलो प्रतियोगितामा प्रथम हुनेले ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ । विजेतालाई नगदको साथमा प्रमाणपत्र, फेटा लगाएर बाजासहित गाउँ परिक्रमा गराइने क्लबका निवर्तमान अध्यक्ष विकास गुरुङले जानकारी दिए । १८ वर्षभन्दा तल उमेर समुहका प्रतियोगीले ठेलो जितेमा थप पुरस्कारको व्यवस्था रहेको उनले सुनाए । साथै, लगातार ३ वर्ष जित्नेका लागि रनिङ बेल्डको पनि व्यस्था रहेको आयोजकले जनाएको छ । ठेलोमा द्वितियले २० हजार रुपैयाँ पाउनेछन् ।

रस्साकस्सी प्रतियोगितामा प्रथम हुने समूहले १५ र दोस्रो हुने समूहले १० हजार रुपैया पुरस्कार प्राप्त गर्नेछन् । कुर्ची खेलमा प्रथम हुने समूहले ५ र दोस्रो हुने समूहले ३ हजार रुपैया पुरस्कार पाउनेछन् । मेलामा हेर्न जानेहरुका पाहुनालाई खान बस्नका लागि याङ्जाकोटको होमस्टे र होटलमा सहजै व्यवस्थापन गर्न सकिने अध्यक्ष गुरुङले बताए । उनले भने, 'हाम्रो त्यहाँ ११ वटा होमस्टे र २ होटल छ । महोत्सवभर अझ बढि पाहुना आउनुभएमा पनि हामीले व्यवस्थापन गर्नेछौं ।'

# त्रिभुवन पौडेल स्मृति अक्षयकोषको लागि मञ्च गण्डकीको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले त्रिभुवन पौडेलको स्मृतिमा स्थापना हुने अक्षयकोषको लागि सहयोग हस्तान्तरण गरेको छ ।



बुधबार नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समितिको चौंथो साधारण सभा तथा तेस्रो अधिवेशनको अवसर पारेर १५ हजार रुपैयाँको चेक हस्तान्तरण गरिएको हो । सो चेक मञ्चका अध्यक्ष दीननाथ बरालले महासंघ गण्डकीका अध्यक्ष नारायण शर्मालाई हस्तान्तरण गरेका हुन् ।

गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टको उपस्थितिमा भएको कार्यक्रममा चेक हस्तान्तरण गर्न उपाध्यक्ष सुरज श्रेष्ठ, सचिव शशीकुमार पौडेल, कोषाध्यक्ष कविता घर्तीमगर र सदस्य एमबी आस्था मगर सहभागी बने ।

मञ्चका पूर्व सल्लाहकार पौडेलको २०७९ साल माघ १ गते विमान दुर्घटनामा परि निधन भएको थियो । पौडेलको सपना साकार बनाउने उद्धेश्यले सुरु भएको उक्त अक्षयकोषमा केही मात्रामा भएपनि सहयोग गर्नुपर्छ भन्ने भावनाका साथ रकम हस्तान्तरण गरिएको मञ्चका अध्यक्ष बरालले बताए । महासंघ गण्डकीले संस्थापक अध्यक्ष समेत रहेका स्वर्गीय पौडेलको स्मृतिमा १० लाखको अक्षयकोष स्थापना गर्ने जनाएको छ ।

# लेकसिटी कलेजमा समाज विज्ञान केन्द्र

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

पोखरा ४ गैह्रापाटनमा रहेको लेकसिटी कलेज एन्ड रिसर्च सेन्टरमा समाज विज्ञान केन्द्र स्थापना गरिएको छ । केन्द्रले कलेजमा अनुसन्धानात्मक कार्य प्रवर्द्धनका लागि काम गर्ने छ ।



समसामयिक विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सभा, सम्मेलन कार्यशाला आदि आयोजना समन्वय तथा सञ्चालन गर्ने तथा अध्ययन अनुसन्धान, परामर्श तथा परियोजना मूल्यांकन गर्ने जस्ता काम गर्ने केन्द्रका उद्देश्य छ । केन्द्रको संयोजक पृथ्वीनारायणका क्याम्पसका प्राध्यापक ठानबहादुर क्षेत्री छन् । उनी प्रकाशन प्रमुख पनि रहने छन् । सदस्यमा पृथ्वीनारायण क्याम्पसका डा रामचन्द्र बराल, डा, रामजी पोखरेल, पोखरा बहुमुखी क्याम्पसका सन्तोष पोखरेल, पश्चिमाञ्चल माध्यमिक विद्यालयका देवबहादुर क्षेत्री, नेपाल संस्कृत विश्वविद्यालयका डा. योगराज पौडेल, गण्डकी विश्वविद्यालयका लीलाराज लोहनी, अधिवक्ता लक्ष्मण शर्मा, गण्डकी विश्वविद्यालयका डा कपिल अधिकारी, लेकसिटी कलेजका क्याम्पस प्रमुख नारायणकुमार श्रेष्ठ र शिक्षक उपेन्द्र पौडेल छन् ।

केन्द्रको सल्लाहकारमा प्राडा लेखनाथ भट्टराई, प्राडा दुर्गा देवकोटा, गेहेन्द्रेश्वर कोइराला र प्राडा कृष्ण पौडेल छन् ।

# धुम्म ...

उराठलाग्दो बनेको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोरेपानीका पर्यटन व्यवसायी जुली पुनले गत १० गतेयता घोरेपानी-पुनहिल क्षेत्रमा पर्यटकीय गतिविधि सुस्ताएको बताउनुभयो । "पदयात्राको याममा मौसम प्रतिकुल छ, हिमाल खुलेको छैन", उहाँले भन्नुभयो, "चार/पाँच दिनदेखि पोखराको हवाई सेवा प्रभावित हुँदा विदेशी पर्यटक पनि आउन पाएनन् ।" नयाँ वर्षमा पर्यटकीय चहलपहल बढेकामा त्यसयता विस्तारै पर्यटकको आउजाउ घट्दै गएको पुनले बताउनुभयो । उहाँका अनुसार स्वच्छ र शान्त वातावरणमा हिमाल नियाल्न पर्यटक घोरेपानी र पुनहिल आउने गरेका छन् । तीन हजार २१० मिटर उचाइमा अवस्थित पुनहिलबाट विश्वका १० अग्ला हिमालमध्येमा पर्ने अन्नपूर्ण, धौलागिरि, मनास्लुलगायत दर्जनौं हिमाल एकसाथ देख्न सकिने पुनले बताउनुभयो । "असोजदेखि मङ्सिरसम्म र चैत-वैशाखको गुराँस फुल्ने याममा यहाँ धैरै पर्यटक आउँछन्", पुनले भन्नुभयो ।

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले वातावरणीय प्रदूषणको प्रत्यक्ष असर पर्यटन क्षेत्रमा पनि परेको बताउनुभयो । "पर्यटक घुम्न र ठाउँ हेर्न आउने हो अहिले मौसम खुलेको छैन, हवाई उडान पनि प्रभावित बनेको छ, सडक मार्ग पनि उस्तै छ", उहाँले भन्नुभयो, "एक सातायता पोखरामा पर्यटकको आगमन ह्वात्तै घटेको छ ।"

बढ्दो वायु प्रदुषणले जनस्वास्थ्यसँगै अन्य मानवीय गतिविधिमा पनि असर पुर्‍याइरहको अध्यक्ष अधिकारीले बताउनुभयो । चैत-वैशाखको याममा पदयात्रा गर्न विदेशी पर्यटक बढी आउने गरेकामा मौसमले चुनौती थपेको उहाँको भनाइ छ । प्रतिकूल मौसमकै कारण कतिपय पर्यटकले यात्रा रद्द गरेको पर्यटन व्यवसायी बताउँछन् । गत महिना बेमौसमी झरीले पदयात्रा पर्यटन प्रभावित भएकामा अहिले सुक्खा याम र तुवाँलोले पर्यटन क्षेत्र प्रभावित बनेको हो ।

दोस्रो मुख्य पर्यटकीय याममै पर्यटकीय राजधानीको मौसम कयौं दिनसम्म धुम्म हुँदा पर्यटन व्यवसायी निराश बनेका छन् । उनीहरू मौसम खुल्ने प्रतीक्षामा छन् । गण्डकी प्रदेश वन निर्देशनालयका अनुसार गत सोमबारसम्ममा प्रदेशका चार सय ६७ स्थानमा डढेलो लागेको छ । डढेलोले प्रदेशका नौ जिल्लाको करिब आठ हजार दुई सय ७७ हेक्टर वन क्षेत्र डढेलोबाट प्रभावित बनेको छ ।

सुक्खा याम लम्बिँदा डढेलोका घटना अझै बढ्ने देखिएको निर्देशनालयका वन अधिकृत तिलकबहादुर थापाले बताउनुभयो । हिमालपारिको जिल्ला मुस्ताङबाहेक प्रदेशका १० वटै जिल्लामा डढेलोका घटना भएको निर्देशनालयले जनाएको छ । वायुमण्डलमा प्रदुषण बढ्नुमा डढेलोलाई प्रमुख कारक मानिएको छ । डढेलोले पर्यावरणीय स्वच्छतामा नकारात्मक असर पुर्‍याइरहेको वन अधिकृत थापाले बताउनुभयो ।

# आतिथ्य ...


प्रदेशको राजधानी सहर पोखरा पर्यटनको समेत राजधानी घोषणा भएका सन्दर्भमा यहाँ सञ्चालित होटलले पर्यटकमैत्री सेवा प्रवाह गर्नुपर्ने उहाँको भनाइ छ । धार्मिक पर्यटनका हिसाबले पनि गण्डकी प्रदेश महत्वपूर्ण रहेको भन्दै उहाँले पर्यटक आवागमनको वृद्धि सँगसँगै होटलहरूले आफ्नो आन्तरिक क्षमता र सेवाको गुणस्तर बढाउनुपर्ने बताउनुभयो ।

तालिममा खाद्य स्वच्छता, सरसफाइ, पोसाक, पर्यटकमैत्री व्यवहार तथा आचरण, व्यवसायमा प्रविधिको प्रयोग, व्यवसायी र कर्मचारीबीचको सम्बन्ध, व्यवसायको प्रवर्द्धन, स्थानीय उत्पादनको व्यवसायीकरणलगायत विषयमा विज्ञहरूले तालिम दिने महासङ्घका महासचिव लम्सालले बताउनुभयो ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# उपचुनावले दिएको सन्देश

आमनिर्वाचन २०८४ को पूर्व संकेतका रूपमा हेरिएको उपनिर्वाचनमा इलाम र बझाङका मतदाताले पुराना र स्थापित दललाई नै मत दिए। वैशाख १५ मा सम्पन्न उपनिर्वाचनको देखिने परिणाम भनेकै सुदूरपश्चिम प्रदेश सभामा नेकपा (एमाले)को एक सीट बढेको छ। बझाङ १ (क) बाट निर्वाचित प्रदेश सभा सदस्य नेपाली कांग्रेसका पृथ्वीबहादुर सिंहको निधनपछि भएको उपनिर्वाचनमा एमालेका दमनबहादुर भण्डारी विजयी भए। पूर्व सभामुख तथा एमालेका उपाध्यक्ष सुवास नेम्वाङको निधनपछि रिक्त प्रतिनिधि सभा सदस्य पदमा उनकै छोरा सुहाङ निर्वाचित भए।

२०७९ को निर्वाचन परिणामसँग इलाम र बझाङका उम्मेदवारहरूले पाएका मत तुलना गर्दा धेरै भिन्नता देखिँदैन । अधिकांश मतदाताले यसअघिकै दल रोजेको देखिन्छ। जस्तै- २७ हजार ७७२ मत ल्याएर सुहाङ नेम्वाङ निर्वाचित भएको इलाम-२ मा गत निर्वाचनमा समानुपातिकतर्फ एमालेले २६ हजार ५६२ मत प्राप्त गरेको थियो। यस पटक एमाले उम्मेदवारलाई नेकपा (माओवादी केन्द्र)ले समर्थन गरेको थियो । अघिल्लो पटक पनि एमाले उम्मेदवारबाटै पराजित कांग्रेसका डम्बरबहादुर खड्काले यस पटक २१ हजार ९४२ मत पाए। २०७९ को चुनावमा कांग्रेसले समानुपातिकतर्फ २२ हजार ३३३ मत ल्याएको थियो। माओवादी र नेकपा (एकीकृत समाजवादी) सहितको गठबन्धनको साथ पाएको त्यस वेला खड्काले २९ हजार ९०६ मत ल्याएका थिए।

गत निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले समानुपातिकतर्फ चार हजार ६८६ मत पाएको क्षेत्रबाट प्रत्यक्षमा उम्मेदवारी दिएका मिलन लिम्बू पाँच हजार ५० मत सहित चौथो स्थानमा आए। अघिल्लो पटक भने रास्वपाका उम्मेदवार प्रकाश सापकोटा तेस्रो स्थानमा थिए। स्वतन्त्र उम्मेदवारी दिएर ११ हजार ४५७ मत ल्याएका डकेन्द्रसिंह थेगिमलाई राष्ट्रिय जनमुक्ति पार्टी(राजमुपा), संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (संलोराम), नेपाल समाजवादी पार्टी लगायतले समर्थन गरेका थिए। गत वर्ष राजमुपाले एक हजार ४१३ र संलोरामले एक हजार ३२९ मत ल्याएका थिए। डकेन्द्रलाई माङसेबुङ गाउँपालिकाका मतदाता प्रभावित पार्न सक्ने धर्मगुरु आत्मानन्द लिङ्देनले समर्थन गरेका थिए। कोशी नामाकरण विरुद्ध आन्दोलन गर्ने शक्तिहरुको बलमा स्वतन्त्र उमेदवारले पाएको मतलाई दलहरुले कम आक्न मिल्दैन । पहिचानको नाममा मतदाता बहकिदैनन भन्ने पाठ पनि हो।

प्रदेश सभा सदस्य चयनका लागि बझाङमा भएको उपनिर्वाचनमा एमालेका उम्मेदवार दमनबहादुर भण्डारीले कांग्रेसका अभिषेकबहादुर सिंहलाई ३०० भन्दा कम मतले पराजित गरे। भण्डारीले ११ हजार ६१३ भोट पाउँदा सिंहले ११ हजार ३४६ भोट पाए। कांग्रेसले दिवंगत प्रदेश सांसद पृथ्वीबहादुरकै छोरालाई उम्मेदवार बनाएको थियो। २०७९ सालको चुनावमा पृथ्वीबहादुरले माओवादी केन्द्र र एकीकृत समाजवादी सम्मिलित गठबन्धनको साथ पाएका थिए। केन्द्रमा सत्ता समीकरण बदलीपछि यस पटक छुट्टै उम्मेदवारी दिएका माओवादीका जनबहादुर बुढाले तीन हजार ८३१ र एकीकृत समाजवादीका दिलबहादुर सिंहले दुई हजार ५१४ मत ल्याए। बझाङ र इलाममा खसेको मतको प्रवृत्ति हेर्दा मतदाताको आकर्षण कांग्रेस-एमाले लगायत दलहरूप्रति नै देखिएको छ। "२०७९ सालमा तीन हजारको मतान्तरले जितेको बझाङमा कांग्रेस यसपालि हार्‍यो । उसलाई गत चुनावमा साथ दिएका माओवादी र एकीकृत समाजवादीको पनि राम्रो मत पाएको र पहिलो दल त गठबन्धनको सहारामा बनेको रहेछ भन्ने देखाएको छ। दलहरु एक्ला एक्लै लडेको भए एमाले पहिलो दल बन्ने रहेछ भन्ने प्रष्ट भएको छ।

२०७९ सालमा कांग्रेस, माओवादी, एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चाले गठबन्धन र लोसपासंग तालमेल गरेर चुनावमा गएका थिए। एमालेले कतिपय निर्वाचन क्षेत्रमा जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सँग तालमेल गरेको थियो। निर्वाचनको परिणाम आएपछि २०७९ पुसमा एमालेको समर्थनमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री बने। त्यसको केही महीनामै कांग्रेस सत्ता गठबन्धनमा आएपछि एमाले प्रतिपक्षमा गयो।

उपनिर्वाचनअघि एमाले सत्ता गठबन्धनमा सामेल भयो र कांग्रेस प्रतिपक्षमा पुग्यो । यस्तो सत्ता फेरबदललाई मतदाताले सहज रूपमा लिएको र "उपनिर्वाचनको परिणाम यथास्थितिको मात्र होइन, सत्ता र राजनीतिक समीकरणको पनि अनुमोदन हो ।" २०८० सालमा तीन स्थानका लागि भएको उपनिर्वाचनमा कांग्रेसले एक सीट (तनहुँ १) गुमाउँदा प्रतिनिधि सभाको चौथो ठूलो दल रास्वपाको खातामा एक सीट थपिएको थियो । यस पटक सुदूरपश्चिम प्रदेश सभामा एमालेको सांसद संख्या १० बाट ११ त पुग्यो, तर प्रदेश सरकार गठनमा यसले तात्त्विक फरक पार्ने देखिँदैन। ५३ सदस्यीय सुदूरपश्चिम प्रदेश सभामा कांग्रेसका १८, माओवादी र एमालेका ११/११, नागरिक उन्मुक्ति पार्टीका सात, एकीकृत समाजवादीका चार र राप्रपा र स्वतन्त्र एक / एक सांसद छन् । बहुमत मतदाता पुराना दलहरूसँगै भएको सन्देश दिएको यो उपनिर्वाचनले राष्ट्रिय राजनीतिमा भने खासै प्रभाव नपारे पनि पार्टीका लागि महत्वपूर्ण छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# बागलुङको सय वर्ष पुरानो तामाखानी अध्ययन अनुमतिपछि स्थानीय उत्साहित

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ बैशाख

खानी तथा भूगर्भ विभागले बागलुङको तमानखोला गाउँपालिकामा रहेको तामाखानीको अवस्था अध्ययनका अनुमति दिएपछि उत्साहित भएका छन्।

एक सय वर्षदेखि बन्द अवस्थामा रहेको भनिएको तामाखानी अध्ययनका लागि सरकारले अनुमति दिएपछि सो क्षेत्रका स्थानीय पुनः खानी सञ्चालनमा आउने आशासहित उत्साहित भएका तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले जानकारी दिनुभयो। "तामाखानी उत्खनन्का लागि पटकपटक आवाज उठाइँदै आएका थियौँ। म नेतृत्वमा आएपछि पनि पटकपटक यो विषयमा कुरा भएको थियो । ढिलै भएपनि अध्ययन अनुमति दिइएको पत्रप्राप्त भएपछि हामी उत्साहित भएका छौँ", अध्यक्ष बुढाले भन्नुभयो । खानी तथा भूगर्भ विभागले श्रेया जलान समूहलाई अध्ययनका लागि अनुमति प्रदान गरिएको जानकारी आएको उहाँले बताउनुभयो । विभागका जियोलोजिष्ट रवि आचार्यले पनि तमानखोला गाउँपालिकाको ११ वर्ग किलोमिटर क्षेत्रफलमा तामाखानी अध्ययनका लागि आगामी २०८४ असोज १४ गतेसम्म चार वर्षका लागि अध्ययन अनुमति दिइएको बताउनुभयो । तामाखानीको अध्ययन प्रतिवेदनका आधारमा थप रणनीतिसहित सरकारले आवश्यक कामगर्ने पनि उहाँले बताउनुभयो। तामाखानीको अध्ययन गर्नका लागि अनुमती पाएपछि स्वीडेन र अस्ट्रेलियाका जियोलोजिष्टसहितको टोलीले अध्ययनकार्य अगाडि बढाउने तयारी भइरहेको श्रेया जलानका प्रतिनिधि भूगर्भविद् बलराम कार्कीले बताउनुभयो। "तमानखोलामा रहेको तामाको अवस्था अध्ययनपछि थाहा हुनेछ । त्यसको गुलस्तर, उत्खनन् गर्न सकिने समय, उत्खनन् गर्दा आउने तामाको बजार मूल्यलगायत विषयमा हामीस्ले विज्ञसहित गहन अध्ययन गर्नेछौँ । अध्ययनका आधारमा थप रणनीति बनाउन पहल गरिने छ" कार्कीले भन्नुभयो । तमानखोला गाउँपालिका-६ नर्जाखानीसहित तमानखोला क्षेत्रमा एक सय वर्षअघिसम्म तामाखानी उत्खनन् हुनेगरेको स्थानीयको दावी छ। अहिले पनि तमानखोलाको नर्जाखानी, भित्रिवन र पाल्ते गाउँनजिक तामाखानीका सुरुङ र अवशेष बाँकी छन्। रैथाने छन्त्याल जातिले घरेलु प्रविधिबाट तामा निकाल्ने गरेकामा तत्कालीन सरकारले कर उठाउने थालेपछि विसं १९८१ देखि तामा निकाल्न छोडेका जानकारहरूको भनाइ छ । त्यसयता तामाखानीको अध्ययनका गाउँलेहरूले पटक-पटक प्रयास गर्दै आएका थिए।

"तामाखानी छ भन्ने विषय यहाँको भौगोलिक अवस्थाबाट पनि प्रष्ट हुन्छ। अहिले पनि त्यो सम्भावना कायमै छ तर कति तामा छ, कति वर्षसम्म उत्खनन् गर्न सकिन्छ भन्नेबारेमा अध्ययनको आवश्यकता हो", गाउँपालिका अध्यक्ष बुढा भन्नुहुन्छ,"पहिलोपटक अध्ययनका लागि चार वर्षलाई अनुमति दिएको पत्रप्राप्त भएपछि हामी निकै उत्साहित भएका छौँ । ढिलै भए पनि तामाखानीबाटै तमानखोलालाई समृद्धि बनाउने हाम्रो सपना पूरा हुने आशा जागेको छ।" नर्जाखानीमा तामा खनेको एक किलोमिटर भन्दा लामा सुरुङ रहेको छन् । तामाखानी उत्खनन गरेर सञ्चालनमा ल्याउनसके स्थानीयस्तरमा रोजगारी सिर्जनाका साथै राज्यले आर्थिक लाभलिन सक्ने स्थानीयको बुझाइ छ।

# रन रेटको आधारमा कालिका फाइनलमा : सिद्ध र अम्मरसिंह सेमिमा भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख




कालिका मावि पोखरा रंगशालामा जारी कंगारु एजुकेशन फाउण्डेशन टी-ट्वान्टी छात्रा क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजना तथा महानगर क्रिकेट संघ पोखराको संयोजनमा भएको प्रतियोगिता अन्तर्गत समुह बि मा रहेको कालिकाले ४ अंकका साथ फाइनलमा स्थान बनाएको हो । समान ४ अंक बनाएर पनि रन रेटमा पछि परेपछि सिद्ध मावि र अम्मरसिंह माविले सेमिफाइनल खेल्ने भएका छन् । लिग चरण अन्तर्गतम अन्तिम दिनको प्रतियोगितामा कालिका र बाराही माविले जित हाँसिल गरे। पहिलो खेलमा कालिकाले छोरेपाटन त्रिभुवन शान्ति मावितलाई १ सय १५ ले पराजित गर्‍यो। पहिला ब्याटिङ गरेको कालिकाले पुरा २० ओभरमा ५ विकेट गुमाएर २ सय ८ रन बनाएको थियो। उसका लागि सिपको साथी कफी क्लास प्लेयर अफ द म्याच रिया गुरुङले अभिजित ८१ रन हानिन् । प्रत्युत्तरमा त्रिभुवन शान्तिले २० ओभर खेलेर ७ विकेट गुमाउँदै ९५ रन मात्र बनाउन सक्यो ।अर्को खेलमा बाराही माविले छोरेपाटनलाई ५ विकेटले पराजित गरेको हो । पहिला ब्याटिङ गरेको छोरेपाटनले १६.५ ओभरमा सम्पूर्ण विकेट गुमाएर ७१ रन बनाएको थियो । जितका लागि ७२ रनको लक्ष्य पाएको बाराहीले १४.१ ओभरमा ५ विकेट गुमाएर जित हाँसिल गयो ।

खेलमा बाराहीका असफता भुजेल सिपको साथी कफी क्लास प्लेयर अफ द म्याच बनिन्। प्रतियोगिताको सेमिफाइनल खेल बिहीबार तथा फाइनल खेल शुक्रबार हुने संयोजनकर्ता समितिका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए।

# श्रमिक दिवसका अवसरमा तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख



अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा कलश बचत तथा ऋण सहकारी संस्थाले कर्मचारी बृत्ति विकास तालिम सम्पन्न गरेको छ।

संस्थाले आफ्नो कर्मचारीका लागि प्रभावकारी सञ्चार विधीका विषयमा तालिम प्रदान गरेको हो । सो अवसरमा बोल्दै संस्थाका लेखा समिती संयोज विजेन्द्र शर्मा पौडेलले तालिमले कर्मचारीमा थप आत्मविश्वास बढ्नुका साथै बोल्ने कलाको विकास हुने बताउनुभयो।

तालिमबारे बोल्दै संस्थाका कर्मचारी विनिता अधिकारीले तालिम प्रभावकारी रहेको तथा व्यावसायिक तथा व्यक्तिगत जीवनोपयोगी रहेको बताउनुभयो । संस्थाका कर्जा प्रमुख इश्वर पराजुलीले तालिमलाई व्यवहारिक जीवनमा लागु गरे मात्र तालिमको उपादेयता हुने बताउनुभयो।

तालिममा संस्थाका कर्मचारीहरु विनिता अधिकारी, इश्वर पराजुली, याममाया रोका, मिनु गुरुङ, मनिषा गुरुङ, मनिषा तिवारी, प्रेमकुमारी शर्मा, विष्णुमाया गिरी सहभागी थिए।

तालिमको सहजीकरण रेडियो अन्नपुर्णका स्टेशन म्यानेजर सन्जयकुमार मल्लले सहजीकरण गर्नुभएको थियो।

# तनहुँ जलविद्युत् आयोजना : प्रसारण लाइनको काम ७३ प्रतिशत सकियो

**पोखरापत्र संवाददाता**
दमौली, १९ बैशाख

निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत प्रसारण लाइनको काम ७३ प्रतिशत सकिएको छ। आयोजनाको तेस्रो प्याकेजका रूपमा रहेको प्रसारण लाइन निर्माणको काम ७३ दशमलव एक प्रतिशत सकिएको आयोजनाले जनाएको हो । प्रसारण लाइन निर्माणको अवधि विसं २०८१ पुस ४ गतेसम्म छ।

विविध कारणवश प्रसारण लाइन निर्माणमा ढिलाइ भएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । निरन्तर रूपमा काम गर्न पाएको भए यो प्याकेजको काम अहिले भन्दा धेरै हुने उहाँको भनाइ छ।

केइसी इन्टरनेसनल, भारतले दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको ३६ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिरहेको छ । प्रसारण लाइन निर्माण सन् २०२२ मे सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिए पनि कोभिड १९ को महामारी र वन क्षेत्रको रुख कटानको स्वीकृति वन मन्त्रालयबाट प्राप्त नहुँदा सम्झौता म्याद थप गरिएको छ।

उहाँले भन्नुभयो, "वनको नीतिगत समस्याका कारण काममा ढिलाइ भयो, प्रसारण लाइन निर्माणमा भएको ढिलाइ हटाउँदै कामलाई तीव्रता दिन ऊर्जा मन्त्रालयले सहमति गरेकाले काम अगाडि बढेको छ।"

दमौली-भरतपुर दुई सय २० केभी ३४ दशमलव सात किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये हालसम्म ७६ टावरको जग हाल्ने र ६४ वटा टावर जडान कार्य सम्पन्न भएको भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार तीनवटा टावरको जग हाल्ने र चारवटा टावर राख्ने काम जारी छ। १८ वटा टावरको जग संरक्षण कार्य सम्पन्न भएको छ। चार स्थानमा काम भइरहेको छ । प्रसारण लाइन निर्माणका लागि कूल ५९ कित्ता (२३ रोपनी पाँच आना) जग्गा अधिग्रहण गरिनेछ। तनहुँतर्फ व्यास नगरपालिका-१३ र १४, बन्दीपुर गाउँपालिका-६, आँबुखैरेनी गाउँपालिका-६, देवघाट गाउँपालिका-४ र ५ भित्र पर्ने जग्गा अधिग्रहण गरिने आयोजनाले जनाएको छ।

आयोजनाको प्याकेज-१ अन्तर्गत बाँधलगायत संरचना निर्माणमा ३० दशमलव पाँच प्रतिशत प्रगति भएको छ । यस प्याकेजको निर्माण सोङ्दा कालिका जेभीले गरिरहेको छ । प्याकेज-२ अन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणमा ५४ प्रतिशत प्रगति भएको छ । यो प्याकेजको निर्माण सिनो हाइड्रोले गरिरहेको छ । प्याकेज-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन (प्रा) लि. नेपाल जेभीसँगको ठेक्का सम्झौता विसं २०७८ भदौ १४ गते भएको थियो । आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत प्याकेज-२ निर्माण गर्ने सिनो हाइड्रो कर्पोरेसन, चीनसँग विसं २०७५ असोज १५ गते खरिद सम्झौता भएको थियो । निर्माण सुपरिवेक्षण परामर्शदाताले खरिद सम्झौताबमोजिम निर्माण सुरु गर्न कार्यादेश जारी गरेपश्चात् सिनो हाइड्रोले विसं २०७५ माघ ६ गतेदेखि आयोजनास्थलमा परिचालित भई काम गरिरहेको छ। आयोजनाको महत्वपूर्ण काम बाँध निर्माण केही महिना अघिदेखि जारी छ। ऋषिङ गाउँपालिका-१ र व्यास नगरपालिका-५ सीमा भएर बग्ने सेती नदीलाई एक सय ४० मिटर अग्लो कङ्क्रिट मुख्य बाँध निर्माणस्थलभन्दा माथिल्लो तटीय क्षेत्रबाट छ सय २६ दशमलव ९२ मिटर लामो सुरुङ निर्माण गरी फर्काइएको छ। डाइभर्सन सुरुङमार्फत फर्काइएको पानी मुख्य बाँध निर्माणस्थलबाट तल्लो तटीय क्षेत्रमा पुनः सेती नदीमा खसालिएको छ । बाँध निर्माणका लागि नदी फर्काउने काम महत्वपूर्ण मानिन्छ । सन् २०२१ बाट निर्माण सुरु भएको डाइभर्सन सुरुङ निर्माण सम्पन्न भएपछि नदी फर्काउने काम गरिएको हो। अब मुख्य बाँध निर्माण अवधिसम्म नदी फर्काउन करिब ४० मिटर अग्लो अस्थायी कङ्क्रिट बाँध (कफर ड्याम) निर्माण गरिनेछ। आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत तनहुँ जिल्लामा विद्युतीकरण गर्न नेपाल विद्युत् प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण परियोजना सम्पन्न भएको छ।

यसअन्तर्गत स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि घिरिङ गाउँपालिका-४ र बन्दीपुर गाउँपालिका-६ मा ३३/११ केभीका दुईवटा सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ । उक्त सबस्टेसनहरूसम्म विद्युत् पुर्‍याउनका लागि ३३ केभी लाइन निर्माण गरिएको छ। तनहुँ जिल्लाको विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन विभिन्न ठाउँमा विभिन्न क्षमताका वितरण ट्रान्सफर्मरहरू जडान र ११ केभी लाइन निर्माण गरिएको छ।

कम्पनीको पूँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलर छ जसका लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैङ्कले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

# डढेलोले सिङ्गो गाउँ नै जोखिममा

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ बैशाख

बागलुङमा आगलागी हुँदा दुई घर रदुई गोठ जलेर नष्ट भएका छन् । जिल्लाको बागलुङ नगरपालिका-१२ डाँडाखेतमा स्थानीय दधिराम पौडेल यदुनाथ पौडेलको घर गोठ जलेर नष्ट भएको हो।

आगलागीमा परी दधिराम पौडेल घाइते हुनुभएको छ। घाइते पौडेललाई धौलागिरि अस्पताल बागलुङमा ल्याइएको बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो । बुधबार दिउँसो डाँडाखेत सामुदायिक वनमा लागेको आगो बस्तीमा बस्दा घर गोठ जलेको उहाँको भनाइ छ। गोठ जल्दा पाँच वटा गाई, पाँच बाख्रा मरेको उपप्रमुख खड्काले बताउनुभयो । सामुदायिक वनमा लागेको आगोले डाँडाखेत गाउँनै जोखिममा रहेको उहाँ बताउनुहुन्छ। प्रहरी र स्थानीयले आगो नियन्त्रणमा ल्याउन खोजे पनि अहिलेसम्म नियन्त्रणबाट आउन नसकेको खड्काको भनाइ छ । "आगो आज दिउँसो लागेको रहेछ, स्थानीयले नगरपालिकामा खबर गरेपछि, प्रहरीको टोलीसहित हामीहरु आगलागी भएको स्थानमा आएका छौँ, आगलागीले सामुदायिक जलेको छ, वनबाट लागेको आगो गाउँमा आउँदा पाँच वटा घर गोठ जलेर नष्ट भएका छन्, एक दर्जन पशुचौपाया पनि जलेर मरेका छन् भने धेरै घाइते छन्", उपप्रमुख खड्काले भन्नुभयो, "एक जना स्थानीय पनि घाइते हुनुभएको छ, उहाँलाई धौलागिरि अस्पताल पठाएका छौँ।"

